अनुसुची-१

नगर युवा परिषदका निर्वाचित अध्यक्ष पदाधिकारी सदस्यहरुको पद तथा गोपनियताको सपथ ग्रहण निम्नानुसारको ढाँचामा हुनेछ ।

पदतथागोपनियाताको सपथ

म .......(पुरा नाम)............................मुलुक र जनताप्रति पुर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्दछु र ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र नेपाली जनतामा रहेको संविधान प्रति पुर्ण बफादार रही नगर युवा परिषद्को .....................पदको कामकाज प्रचलित कानुनको अधिनमा रहीमुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपातनगरी, कसै प्रति पुर्वा ग्रहवा खराब भावना नलिई पदीय गोपनीयता कायम राखि इमान्दारिता साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी मा आएका प्रचलितकानुनबमोजिमगोप्य राख्नु पर्ने कुरा म पदमाबहाल रहदावा नरहदाजुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :

नामथर:

दस्तखत:

प्रमाणिकरण मिति : २०७५/१०/२२

आज्ञाले

हरि प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र
## भीमदत्त नगरपालिकाद्धारा प्रकाशित

**सुदूरपश्चिम प्रदेश, महेन्द्रनगर,कञ्चनपुर माघ २३ गते बुधवार,२०७५ साल संख्या :३६**

भाग–३

नगर युवा परिषद् सञ्चालन कार्यविधि, २०७५



भीमदत्त नगरपालिका

प्रस्तावना :

युवाहरुको हकहित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन गरी समृद्ध भीमदत्त नगरपालिका निर्माणका लागि सक्षम नागरीकको रुपमा तयार गर्न तथा १६ देखि ४० बर्ष उमेर समूहका सबैखाले युवाहरुको सर्वाङ्गिण विकास, सशक्तिकरण गरी युवा सम्बन्धि बिषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई नगर विकासको मूल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाच्छनिय भएकोले नगरपालिकाको एक अंगका रुपमा "नगर युवा परिषद् संचालन कार्यविधि,२०७५" को स्थापना र संचालन गर्न संविधानको धारा २१८ र स्थानीय सरकार संचालन ऐनको दफा १०२(२)ले दिएको अधिकारको प्रयोग गरी यो सञ्चालन कार्यविधि जारी गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः(१) यस संचालन कार्यविधिको नाम"नगर युवा परिषद् संचालन कार्यविधि, २०७५" रहेको छ ।

२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले भीमदत्त नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भीमदत्त नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले भीमदत्त नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले भीमदत्त नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले भीमदत्त नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।



बर्ष समाप्त भएको ३ महिना भित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद- ८

विविध

१८) संशोधन

(१) नगर युवा परिषद संचालन कार्यविधि,२०७५ को संशोधन गर्न आवश्यक भएमा परिषदले तयार गरि नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र संचालन निर्देशिका संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै बिषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१९) सपथः परिषदको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ( आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले नगर प्रमुखबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।

२०) नगर युवा परिषदका निर्वाचित अध्यक्ष पदाधिकारी सदस्यहरुको पद तथा गोपनियताको सपथ ग्रहणको नमुना अनुसुची १ बमोजिम हुनेछ ।

२१) नगर युवा परिषदको लेटर प्याड नगरपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।

भीमदत्त नगरपालिका

(२)अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने, गराउने,

(३)परिषदको कार्यहरुको अनुगमन गर्ने, गराउने,

(४)परिषद तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने, गराउने,

(घ) सदस्यको काम, कर्तव्य र अधिकार

(१)अध्यक्ष तथा परिषद, कार्यकारी समितिलाई सहयोग गर्ने,

(२)बैठकमा सहभागी हुने,

(३)परिषद, कार्यकारी समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने

## परिच्छेद- ५

## परिषद्सँगको आवद्धता र कार्यक्रम संचालन

१७) युवा सम्बन्धि संघ, संस्थालाई आबद्धता प्रदान गर्ने

(१) युवाको हक, हित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखि प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धि कुनै संघ, संस्था परिषदमा आवद्ध हुन चाहेमा देहायको विवरण खुलाई कार्य समिति मार्फत परिषद समक्ष निवेदन दिनुपर्नेछ

(क) संघ वा संस्थाको नाम

(ख) संघ वा संस्थाको उद्देश्य

(ग) संघ वा संस्थाको नविकरण वहाल रहने अवधि,

(घ) संघ वा संस्थाको कार्य समितिको पूर्ण विवरण ।

(२) दफा १७ को उपदफा (१) बमोजिम निवेदन दिँदा सम्बन्धित संघ वा संस्थाको बिधान समेत संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन सहित कागजात जाचबुझ गर्दा निवेदकको माग बमोजिम आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषदले तोके बमोजिम दस्तुर लिई सो संघ वा संस्थालाई परिषदले आवद्धता प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषदमा आवद्धता पाएका संघ वा संस्थाले आफुले बर्ष भरी गरेको कामको प्रतिवेदन आर्थिक



(च) "वडा अध्यक्ष" भन्नाले भीमदत्त नगरपालिका वडाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत"भन्नाले भीमदत्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "सभा" भन्नाले भीमदत्तनगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(झ)"परिषद"भन्नाले भीमदत्तनगर युवा परिषद्लाई सम्झनुपर्छ ।

(ञ) "युवा" भन्नाले १६ देखि ४० बर्ष सम्मको उमेर भएकोलाई सम्झनुपर्छ ।

(ट) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ड) "सदस्य" भन्नाले परिषद्को सदस्यलाई सम्झनुपर्छ ।

(ढ) "पदाधिकारी" भन्नाले समितिको अध्यक्ष र सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ण) "सदस्य" भन्नाले परिषद्को समिति सदस्यलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## परिषद्को गठन तथा काम, कर्तव्य, अधिकार

३) भीमदत्त नगरपालिका क्षेत्र भित्र युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन गरी समृद्ध भीमदत्त नगरपालिका निर्माणका लागि यो कार्यविधिको परिच्छेद २ को दफा ९ मा व्यवस्था भएका योग्यता पुगेको क्रियाशील व्यक्तिहरु मध्येबाट नगरकार्यपालिकाले देहाय बमोजिमको २९ सदस्यीय परिषद् गठन गर्नेछ ।

(क) नगरप्रमुखले नियुक्त गरेको व्यक्तिअध्यक्ष

भीमदत्त नगरपालिका

(ख) युवासँग सम्बन्धित विभिन्न संघसंस्था तथा क्लबहरु बाट प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेकोएक जना महिला सहित २ जना सदस्य

(ग) युवाको हकहित संरक्षण र सम्वर्द्धनमा बिशेष योगदान पुर्‍याएका युवाहरुमध्येबाट आदिवासी जनजाती, दलित, अपाङ्गता भएका, अल्पसंख्यकको प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको ३ जना सदस्य

(घ) उद्योग, कृषि, पर्यटन, खेलकुद, विज्ञान प्रविधि, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको३ जना सदस्य

(ङ) नगरका१९वटै वडाबाट एकजना प्रतिनिधित्व गर्ने गरि नगर प्रमुखले तोकेको १९ जना सदस्य

(च) आधारभुत तथा माध्यमिक शिक्षा उपशाखा सदस्य सचिव

४) दफा ३ बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

५) दफा ३ बमोजिम गठन भएको परिषद्‌को पदावधि गठन भएको ४ वर्ष हुनेछ।

६) अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा नगर प्रमुख समक्ष र अन्य पदाधिकारीले तथा सदस्यले अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

७) पदावधिको विचमा राजिनामा दिई, मृत्यु भई, असक्त भई, फौजदारी अभियोगमा सजाय पाई, बसाईसरी बाहिर गएमा, पदीय दायित्व सन्तोषजनक ढंगले बाँकी रहेका पदावधिको लागि मात्र नगरकार्यपालिकाले मनोनयन गर्नेछ ।



## परिच्छेद- ४
## कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

१६) कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) परिषदको नेतृत्व गर्ने,

(२) परिषद कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै बिषय सर्वसम्मतिबाट निर्णय हुन नसकि मत बराबर भए निर्णायक मत दिने,

(३) सदस्य सचिवलाई बैठक बोलाउन आदेश दिने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठकको निर्णय प्रणाली गर्ने, बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(६) नगरपालिका तथा नगर प्रमुखसंग सम्पर्क, समन्वय गर्ने,

(७) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(८) पदाधिकारी तथा सदस्यको राजिनामा स्वीकृत गर्ने,

(९) परिषदको कामको अनुगमन तथा नियमन गर्ने, गराउने,

(१०) परिषदले निर्णय गरेका अन्य कार्य गर्ने,

(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) परिषदको कार्यहरु अनुगमन गर्ने, गराउने,

(३) परिषद तथा अन्य कामहरु गर्ने, गराउने,

(४) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(५) परिषदको तर्फबाट गर्नुपर्ने प्रशासकिय सम्पूर्ण कार्य गर्ने, गराउने,

(ग) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(१)अध्यक्षलाई सहयोग गर्ने,



भीमदत्त नगरपालिका

(ङ) युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु संचालन गर्नेरगराउने,

(च) युवालाई नगर विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्नेरगराउने,

(छ) युवाको सर्वाङ्गिण विकासका लागि खोज, अध्ययन, अनुसन्धानमूलक कार्य गर्नेरगराउने,

(ज) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्नेरगराउने,

(झ) युवालाई नगरपालिकाको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ञ) युवा सम्बन्धि विभिन्न निकायद्धारा संचालित कार्यक्रम हरुको समन्वय गर्ने,

(ट) युवा सम्बन्धि संघ, संस्थाको क्षमता अभिबृद्धि गर्नेरगराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

१५) कार्यकारी समितिको बैठक : समितिको बैठक वर्षमा ४ पटक आवश्यकता अनुसार बस्नेछ ।समितिको बैठकको निर्णयलाई अध्यक्षद्धारा प्रमाणित गरि राखिनेछ । समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



८) परिषदमा नगरपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको नगरकार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सक्नेछ ।

९) परिषदमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) १६ बर्ष पुरा भई ३५ बर्ष ननाघेको नेपाली नागरिक,

(ख) परिषद्को कार्यबारे प्रयाप्त जानकारी भई योगदान पुर्याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा महत्वपुर्ण योगदान पुर्याएको,

(घ) नगरपालिकाको नागरिक /नगरपालिका भित्र बसोबास गरी योगदान पुराई रहेको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति

(च) कुनैपनि राजनितिक दल तथा भातृ संगठनको केन्द्रिय प्रतिनिधि भई काम नगरेको व्यक्ति,

(छ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(ज) बैंक तथा वित्तिय संस्थाको कालोसूचीमा नपरेको व्यक्ति ।

१०) परिषदको काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) युवा सम्बन्धित दिर्घकालीन नीति तर्जुमा गरी भीमदत्त नगरपालिका समक्ष सिफारिस गर्ने,



भीमदत्त नगरपालिका

(ख) भीमदत्त नगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही युवा सम्बन्धि योजना तथा कार्यक्रम बनाई लागु गर्ने,

(ग) परिषदसँग आबद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम सेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) परिषदको बार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गर्ने,

(च) युवा विकास,सशक्तिकरण एवं मूल प्रवाहीकरण सम्बन्धि बिषयमा भीमदत्त नगरपालिकालाई सुझाव दिने,

(छ) युवा सम्बन्धि संघसंस्थाहरुलाई आवद्धता शुल्क तोक्ने ।

(ज) स्थानीय तह, प्रदेश तथा राष्ट्रिय स्तरका संघसंस्थाहरु संग समन्वय तथा सम्बन्ध विस्तारका साथै सहभागी एवं प्रतिनिधित्व गर्ने

(झ) प्रत्येक वडास्तरीय युवा परिषद गठन गरि परिचालान गर्ने ।

(ञ) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

११) परिषदको बैठक :परिषद्को बैठक वर्षमा १ पटक अनिवार्य बस्नु पर्ने छ । आवश्यकता अनुसार थप बैठकबस्न सक्नेछ । परिषदको बैठकको निर्णयलाई अध्यक्षद्धारा प्रमाणित गरि राखिनेछ । परिषदको बैठक सम्बन्धि अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ । परिषद्ले आवश्यक ठानेमा परिषदको कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



## परिच्छेद- ३

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

१२) परिषदको कार्यकारी निकायको रुपमा देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ ।

(क) परिषदको अध्यक्ष- अध्यक्ष

(ख) परिषदले मनोनित गरेको प्रतिनिधि- उपाध्यक्ष

(ग) परिषदका सदस्यहरुमध्येबाट कम्तीमा १ महिला रहनेगरी परिषदले मनोनीत गरेका २ जना- सदस्य

(घ) नगरपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

१३) कार्यविधिको दफा १२ बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

१४) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार ।

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषदको बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद समक्ष पेश गर्ने,

(ख) परिषद् सँग आबद्ध हुन चाहने संघ, संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धि शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद समक्ष पेश गर्ने ,

(ग) युवालाई समृद्धिको मूल प्रवाहमा परिचालित गर्न अभियानमुलक कार्य संचालन गर्नेरगराउने,

(घ) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धि प्रवर्द्धधनात्मक कार्यक्रम संचालन गर्ने र गराउने ,

भीमदत्त नगरपालिका